नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर

## विशेष दर्ता खारेजी प्रकृया (दफा १३६क) सम्बन्धी सूचना

नेपाल राजपत्र (भाग २, खण्ड ७४, अतिरिक्ताङ्क ४८) मा प्रकाशित आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश मार्फत कम्पनी ऐन, २०६३ मा भएको संशोधन अनुरूप विभिन्न प्रकृयाहरूमा भएका छुट/सुविधा व्यवस्थाका सम्बन्धमा यस कार्यालयबाट मिति २०८१/१०/८, २०८१/१०/३० र २०८१/११/१९ मा प्रकाशित सूचनाहरूवाट व्यहोरा अवगत भएकै छ ।

**उपर्युक्त सन्दर्भमा संशोधित दफा १३६(क) बमोजिम दर्ता खारेजीको छुट सुविधाको प्रकृया तथा पेश गर्नुपर्ने कागजातहरू देहाय बमोजिम रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि मिति २०८१/१२/१३ को निर्णयानुसार अनुरोध छ।**

१) दफा १३६क प्रारम्भ हुँदाका बखत कारोबार सञ्चालन नगरेको वा सञ्चालनमा नरहेको वा दफा ८० बमोजिम विवरण पेश नगरेको वा दफा ८१ बमोजिम लागेको जरिवाना नबुझाएका इच्छुक कम्पनीले यस दफा बमोजिम दर्ता खारेजीको निवेदन पेश गर्न सक्नेछन् ।

२) यसका लागि कम्पनी रजिष्ट्रारको कार्यालयको कम्पनी प्रशासन व्यवस्थापन सूचना प्रणाली (camis.ocr.gov.np) मा लगईन गरी कम्पनीको आधारभुत विवरण अध्यावधिक गर्नु पर्नेछ ।

३) अनलाइन प्रणालीमा कम्पनीको पूँजी संरचना (खासगरी अन्तिम चुक्ता पुँजी) दुरूस्त रहेको अनिवार्य यकीन गर्नु पर्ने छ ।

४) विशेष दर्ता खारेजी (दफा १३६क) मा गई आवश्यक विवरण भरी देहायका कागजातहरू अपलोड गर्ने:

(क) दफा ८० बमोजिम प्रत्येक आर्थिक वर्षको अलग अलग वार्षिक विवरण तोकिएको ठाउँमा अपलोड गर्ने;

(ख) कम्पनी खारेजीको निवेदन अपलोड गर्ने;

(ग) साधारण सभाको निर्णय अपलोड गर्ने;

(घ) माथि (ग) अनुसार साधारण सभा आव्हान गर्न वा गणपुरक संख्या नपुगेकोले सभा बस्न नसकेकोमा उपस्थित सञ्चालक वा शेयरधनीले त्यस्तो कम्पनीको खारेजीको लागि गरेको निर्णय अपलोड गर्ने;

(ङ) लेखापरीक्षकको प्रतिवेदन (कम्पनी खारेजी र दायित्व सम्बन्धी) अपलोड गर्ने;

(च) कर चुक्ता प्रमाण वा PAN मा दर्ता नभएको हकमा आन्तरिक राजस्व विभागको पत्र अपलोड गर्ने ।

५) कम्पनी खारेजीको प्रकृया सुरू गर्न प्रारम्भिक स्वीकृति भएपश्चात कम्पनी खारेजीको सूचना ३० दिनको अवधि दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्ने र उक्त सूचना लगायत माग भएका अन्य कागजात अपलोड गर्ने ।

६) दफा ८१ बमोजिम लाग्ने जरिवाना रकम वा अन्तिम चुक्ता पूँजीको ०.५ प्रतिशत मध्ये जुन कम हुन्छ सो रकम दाखिला गर्ने।

७) खारेजीको निर्णय गर्ने सवै संस्थापकहरूले दर्ता खारेजीको लागि पेश हुने निवेदनमा सक्कल परिचयपत्र सहित कार्यालयमा आफै उपस्थित भई वा आफुलई पायक पर्ने जुनसुकै जिल्लाको स्थानीय तहको प्रमुख वा उपप्रमुख, अध्यक्ष वा उपाध्यक्षको रोहवरमा र विदेशमा भए विदेश स्थित नेपाली राजदुतावास वा कन्सुलर जनरल वा अवैतनिक महावाणिज्यदुत समक्ष उपस्थित भई सनाखत गर्नु पर्नेछ ।

८) सूचना अवधिमा कुनै उजुरी निवेदन नपरेको अवस्थामा सम्पूर्ण कानूनी प्रकृया पुरा गरेको भए अनलाइन प्रणालीवाटै कम्पनी खारेजीको निर्णय गरी सो को जानकारी दिइने छ।

९) यसरी कम्पनी दर्ता खारेज हुँदाका बखत कम्पनीको नाममा रहेको सम्पत्ति, अधिकार, सुविधा वा दायित्वका सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा १३६ का व्यवस्था बमोजिम सम्बन्धित शेयरधनी, सञ्चालक वा पदाधिकारीको नाममा सर्नेछ। सो प्रयोजनका लागि खारेज भएका कम्पनीका सञ्चालक, पदाधिकारी र शेयरधनीको विवरण सार्वजनिक गरिनेछ ।

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं

(देवी प्रसाद सुवेदी)

उपरजिष्ट्रार

मिति: २०८१/१२/१३